मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : २७३ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ २ गते सोमबार (Monday, August 19. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

'लैङ्गिक हिंसा र दुर्व्यवहार: छैन हामीलाई स्वीकार'
"Orange the World : #Hear Me to "

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

रिफ्रेसमेन्ट सेन्टरप्रति ट्राफिक प्रहरीको उदासीनता

## चेतनाकै अभावमा ९२% दुर्घटना

**बिर्तामोड, भदौ १।** जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले ५ वर्षअघिदेखि सञ्चालनमा आएको रिफ्रेसमेन्ट सेन्टर आवश्यक नभएको बताएको छ ।

दुर्घटना न्यूनीकरणका लागि भन्दै लामो दूरीका गाडी चलाउने चालकहरुका लागि ट्राफिक प्रहरीले नै रिफ्रेसमेन्ट सेन्टर (आराम कक्ष) बनाएको थियो । आर्थिक वर्ष २०७०/०७१मा तत्कालीन ट्राफिक प्रहरी प्रमुख सूर्य सुवेदीले रिफ्रेसमेन्ट सेन्टर निर्माण गरे पनि हाल उक्त सेन्टर बन्द रहेको छ ।

दमकस्थित आदिवासी रंगशाला नजिकै पाँडाजुगीमा ट्राफिक प्रहरीले सञ्चालन गरेको रिफ्रेसमेन्ट सेन्टर हाल बन्द छ । उक्त सेन्टर सञ्चालन गर्ने विषयमा जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख होमप्रसाद अधिकारीले कुनै चासो नदिएको मात्र होइन रिफ्रेसमेन्ट सेन्टर आवश्यक नै नभएको प्रतिक्रिया दिए । जिल्ला ट्राफिक प्रहरी प्रमुख अधिकारीले भने- रिफ्रेस सेन्टर पूर्वाञ्चलको सुनसरीमा छ त्यसैले झापामा यसको आवश्यक छैन् । ट्राफिक नियम सिकाउन स्कुल-स्कुल पुग्ने गरेका झापा ट्राफिक प्रमुख अधिकारीले रिफ्रेसमेन्ट सेन्टर आवश्यक नभएको भन्दै गैर-जिम्मेवारी अभिव्यक्ति दिएको बताइन्छ ।

राजधानी काठमाडौंसहित लामो दूरीमा सवारी हाँक्ने चालकहरुका लागि पूर्व-पश्चिम राजमार्ग अन्तर्गत दमकमा रिफ्रेसमेन्ट सेन्टरको स्थापना गरिएको थियो । लामो दूरीका गाडी केहीबेर रोक्न लगाई पानी र चिया खुवाएर रिफ्रेस बनाउने उद्देश्यका साथ यो सेन्टरको स्थापना गरिएको ट्राफिक प्रहरीको भनाइ छ । बसका चालकसहित यात्रुहरुका लागि पनि दिसापिसाब गर्ने व्यवस्था मिलाइएको थियो ।



दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यका साथ स्थापना गरिएको सेन्टर सञ्चालन गर्ने विषयमा ट्राफिक प्रहरी प्रमुख अधिकारीले चासो नदिँदा दुर्घटनाको सम्भावना बढेको यात्रुहरुले गुनासो गरेका छन् । लगातार गाडी हाँक्नाले चालकको स्वास्थ्यमा असर पर्ने र यसले दुर्घटना पनि बढाउन सक्ने भएकाले यी दुबैलाई रिफ्रेस सेन्टरले घटाउने विश्वास व्यक्त गरिए पनि ट्राफिक प्रमुख अधिकारीले उक्त विषयमा वास्ता नगर्ने गरेको चालक तथा यात्रुहरुको भनाइ छ ।

लामो दूरीमा चल्ने सबै किसिमका सवारीसाधनलाई यहाँ रोकेर रिफ्रेस गराइने गरिएको थियो । विशेष गरी रातको समयमा चल्ने सवारी साधनहरुलाई लक्षित गरी सञ्चालन गरिएको भए पनि हाल रिफ्रेससेन्टर कहाँ छ भनेर खोज्नुपर्ने अवस्था रहेको स्थानीयले बताए । सडक दुर्घटना न्यूनीकरण गर्न सरकारले लामोदूरीका सवारीमा अनिवार्य दुई चालक रहनुपर्ने व्यवस्था गरेको छ । लामो दूरीमा चल्ने सवारी साधन एउटै चालकले हाँक्दा निद्राका कारण सवारी दुर्घटनामा पर्ने गरेको ट्राफिक प्रहरीको निष्कर्ष छ ।

उता १ नम्बर प्रदेश ट्राफिक प्रहरी कार्यालय इटहरीका प्रमुख प्रहरी उपरीक्षक भीम दाहालले भने- रिफ्रेसमेन्ट सेन्टर आवश्यक छ, झापा प्रमुखले के सन्दर्भमा छैन भने म तत्काल उनीसँग स्पष्टीकरण सोध्नेछु । प्रदेश-१का १४ जिल्लामा दुर्घटनाका कारण दैनिक एक जनाले ज्यान गुमाउने गरेको तथ्याङ्क छ ।

सवारी दुर्घटनाका कारण गतआर्थिक वर्ष २०७५/०७६मा तीन सय ७४ जनाले ज्यान गुमाएका थिए भने आर्थिक वर्ष २०७४/०७५मा चार सय २४ जनाको मृत्यु भएको थियो । गतआर्थिक वर्षमा १२ दशमलव ५ प्रतिशतले मृत्युदर घटाउन प्रदेश प्रहरी सफल भएको प्रहरी उपरीक्षक दाहालले बताए ।

उनका अनुसार ९२ प्रतिशत मानवीय कारणले दुर्घटना हुने गरेको छ । ४३ प्रतिशत लापरबाहीका कारण, ४० प्रतिशत तीब्र गतिका कारण र ९ प्रतिशत मादक पदार्थ सेवन(मापसे)का कारण दुर्घटना हुने गरेको छ । प्रदेश-१ को प्रवेश क्षेत्र कोशी कटान क्षेत्रमा रिफ्रेसमेन्ट सेन्टर निर्माणको काम भइरहेको तथा दुहवी, भेडेटार, मूलघाट र ताराबारीमा पनि रिफ्रेसमेन्ट सेन्टर सञ्चालन गर्दै अझ व्यवस्थित गर्ने योजनाका साथ काम भइरहेको प्रमुख दाहालको भनाइ छ ।

झापामा रिफ्रेसमेन्ट सेन्टर आवश्यक रहेको भन्दै उनले आवश्यक छैन भन्ने प्रहरी अधिकारीसँग कारण खोज्ने बताए । उनले ट्राफिक नियमको पालना गरेर सहयोग गरिदिन सबैसँग आग्रह समेत गरेका छन् ।

बिर्तामोडमा कपडा बैंक

## हुनेले दिनू, नहुनेले लानू




**बिर्तामोड, भदौ १।** झापाको बिर्तामोडमा कपडा बैंक सञ्चालनमा आउने भएको छ ।

देवी पञ्चकन्या मर्निङ वाक ग्रुप, रोटरी क्लव अफ बिर्तामोड र महिला उद्यमी संघ झापाले कपडा बैंक सञ्चालनमा ल्याउन लागेका हुन् । कपडा बैंकबाट जो कोहीले कपडा निःशुल्क लान सक्ने बिर्तामोडमा आइतवार पत्रकार सम्मेलनको आयोजना गर्दै जानकारी दिइएको छ ।

बिर्तामोडस्थित बंशल मार्केटमा सञ्चालनमा ल्याउन लागिएको बैंकको उद्घाटन भदौं ३ गते गरिने महिला उद्यमी संघ झापाकी अध्यक्ष गोमा भट्टराईले बताइन् ।

महिला उद्यमी संघ झापाको अगुवाइमा कपडा बैंक स्थापना गर्न लागिएको बताइएको छ । बिर्तामोडका व्यवसायी सुरेशकुमार वंशलले बैंक स्थापनाका लागि निःशुल्क कोठा उपलब्ध गराएपछि परोपकारी काम गर्ने उद्देश्यले बैंक सञ्चालनमा ल्याउन लागिएको भट्टराईको भनाइ छ । कपडा बैंक संयोजक समेत रहेका वंशलका अनुसार घरमा प्रयोग नभएका र कपडा गोदाममा सिजन आउट भएर थन्किएका कपडा संकलन गरिने र सोही कपडा बैंकमार्फत जो कोहीले निःशुल्क लान सक्ने पत्रकार सम्मेलनमा जानकारी दिइयो । छैन भने लानुहोस्, छ भने दिनुहोस् पत्रकार सम्मेलनमा महिला उद्यमी संघकी अध्यक्ष भट्टराईले भनिन् ।

पत्रकार सम्मेलनमा देवी पञ्चकन्या मर्निङवाक ग्रुपका तर्फबाट मदनगोपाल सुब्बा, रोटरी क्लब अफ बिर्तामोडकी अध्यक्ष निकिता गिरी लगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन युवा व्यवसायी निर्मल भट्टराईले गरेका थिए ।

## विप्लवका पाँच नेता पक्राउ

**बिर्तामोड, भदौ १।** नेपाल कम्युनिष्ट पार्टी नेत्रविक्रम चन्द विप्लव समूहका पाँच नेता तथा कार्यकर्तालाई प्रहरीले झापाको दमकबाट पक्राउ गरेको छ ।

गत चैत २८ गतेको मन्त्रिपरिषद्को वैठकले विप्लव समूहलाई प्रतिबन्ध लगाएसँगै झापा प्रहरीले धमाधम विप्लवका नेता तथा कार्यकर्ता पक्राउ गर्न शुरु गरेको थियो ।

शनिवार राति पक्राउ पर्नेमा विप्लव समूहका पाँचथर जिल्ला इञ्चार्ज तथा मेची व्यूरो सदस्य २९ वर्षीय राजु दास, ताप्लेजुङ इञ्चार्ज ३४ वर्षीय सागर लिम्बू सक्कल, मेची व्यूरो सदस्य तथा ताप्लेजुङ जिल्ला सेक्रेटरी ५६ वर्षीय नरपति पौडेल, ताप्लेजुङ जिल्ला कमिटी सदस्य ३६ वर्षीय यम योगेश लिम्बू र जनमुक्ति मोर्चाको केन्द्रीय सदस्य अखिल क्रान्तिकारी मेची-कोशी संयोजक २४ वर्षीय सन्देश भनिने गणेश कार्की ढोली रहेका छन् । उनीहरुलाई दमकस्थित न्यू कञ्चन होटलबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । यस अघि प्रहरीले झापाबाट विप्लवका १७ नेता तथा कार्यकर्तालाई पक्राउ गरेको थियो ।

प्रहरीले पक्राउ गरेपछि अनुसन्धानका लागि अदालतबाट म्याद थप गरी पुनः अदालत पेश गर्ने गरेको छ । अदालतले कुनै सवुत प्राप्त नभएको भन्दै विप्लवका नेता तथा कार्यकर्तालाई छोड्ने गरे पनि अन्य विभिन्न अभियोगमा अर्को जिल्लामा पठाउँदै आएको खुलेको छ ।

अदालतभित्र कसैलाई पनि पक्राउ गर्न नपाउने भएपछि प्रहरी अदालतको गेटमा नै विप्लवका कार्यकर्ता पक्राउ गर्न ढुकेर बस्ने गरेको विप्लवका नेता तथा कार्यकर्ताले गुनासो गरेका छन् । उनीहरु भन्छन्- प्रहरीले पक्राउ गर्छ, अभियोग पुष्टि हुँदैन, अदालतले छाड्छ तर प्रहरीले दुःख दिन छाड्दैन ।

एक ठाउँमा पक्राउ गरेका कार्यकर्तालाई १ नम्बर प्रदेशका सबै

(बाँकी अन्तिम पृष्ठमा)

## प्रेमिकाकै अघि प्रहरीको मृत्यु

**काठमाडौँ, भदौं १।** काठमाडौँको नागार्जुन नगरपालिका-३स्थित ठूलो भञ्याङमा एक प्रहरी जवानको आफ्नै प्रेमिकासामु रहस्यमय मृत्यु भएको छ । प्रारम्भिक अनुसन्धानमा उनले आत्महत्या गरेको आशंका प्रहरीको छ ।

महानगरीय प्रहरीवृत्त स्वयम्भूका २६ वर्षीय प्रहरी जवान शंकर ठगुन्नाको शनिवार राति प्रेमिकाकै कोठामा मृत्यु भएको वृत्तका प्रमुख प्रहरी नायब उपरीक्षक लालध्वज सुवेदीले जानकारी दिए । उनका अनुसार उनीहरु बिगत एक वर्षदेखि नै 'लिभिङ टुगेदर'का रुपमा बस्दै आएका थिए ।

महिलाले प्रहरीमा दिएको बयान अनुसार शनिबार ठगुन्ना राति करिब १०:३० बजे मदिरा पिएर कोठामा आएका थिए । प्रेमिकासँग झण्डै ४५ मिनेट भनाभन भएको थियो । एकछिन महिला बाहिर निस्किएर फर्किंदा ठगुन्नाले सलको पासो लगाइसकेका थिए । त्यसो नगर्न भन्दाभन्दै आफूलाई हिर्काएर पछारेको र एकछिनपछि उठेर हेर्दा पासो लगाएको

(बाँकी अन्तिम पृष्ठमा)

जग्गा बिक्रीमा

झापाको साविक गोलधाप गाविस हाल हल्दिबारी गाउँपालिका वडा नम्बर १मा रहेको १-८-०-० (एक बिगाह ८ कठ्ठा) जग्गा बिक्रीमा रहेकोले इच्छुक महानुभावले सम्पर्क राख्नुहोला

जग्गाको बिशेषता

पानी नजम्ने, प्राकृतिक जंगल तथा हरियाली, २५ फिटको बाटोले छोएको, उर्वरा माटो ।

सम्पर्क: ९८२५९२९०६६

सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा

डा. सीपी यादव
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

डा. दीपक पौडेल
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

दैनिक सेवाहरु:
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोट: ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

सञ्जीवनी अस्पताल प्रालि
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

नेपालीहरुको लागि भरपर्दो सेवा

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

निशान्त मोटसाइकल पाट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## युएनएचसीआरको उपशाखा बन्द हुने

**दमक, भदौं १।** राष्ट्र सङ्घीय शरणार्थी सम्बन्धी उच्चायोगको कार्यालय ( युएनएचसीआर) को दमकस्थित उपशाखा बन्द हुने भएको छ । भुटानी शरणार्थीको रेखदेखमा संलग्न उक्त निकाय २७ वर्षअघि स्थापना भएको थियो ।

युएनएचसीआरले सन् २०२०को अन्त्यसँगै उपशाखा बन्द गर्ने जानकारी नेपाल सरकारलाई गत जेठमा दिइसकेको शरणार्थी मामिला हेर्ने गृह मन्त्रालयको केन्द्रीय शरणार्थी समन्वय एकाइले जनाएको छ ।

झापाको पूर्वी नाका काँकरभिट्टा हुँदै नेपाली मूलका भुटानी भुटानबाट नेपालमा खेदिएकोमा तत्कालीन सरकारले सन् १९९२मा राष्ट्रसङ्घीय शरणार्थी सम्बन्धी

(बाँकी अन्तिम पृष्ठमा)



# ओझेलमा गौशाला, दाता खोजिँदै



**पार्थ मण्डल**

**भद्रपुर, भदौ १।** देशकै जेठो गौशालाका रुपमा भद्रपुर गौशाला (गौ-धाम) लाई चिनिन्छ। गौ प्रेमी केही दाता, सामाजिक व्यक्तित्व र उद्योगीहरूको प्रयासमा भद्रपुर-५स्थित नयाँ बजारमा स्थापना गरिएको भद्रपुर गौशाला अहिले स्तोरन्नतिको पर्खाइमा छ।

वार्षिक करिब ३४ लाख खर्च हुने यस गौशालाको आम्दानी वार्षिक १८ लाख मात्र हुन्छ। बाँकी १६ लाख चन्दा र दाताको सहयोगमा धान्दै आइरहेको गौशाला व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र चापागाईंले जानकारी दिएका छन्। राष्ट्रिय जनावर गाईको संरक्षण र प्रवर्द्धनका लागि राज्य संयन्त्रले खासै चासो नदेखाउँदा भद्रपुर गौशाला ओझेलमा परेको सदस्य तथा दाताहरू बताउँछन्।

**यसरी भयो गौशालाको स्थापना**

वि.सं. २००८ सालमा भद्रपुर नगरपालिका कार्यालयको स्थापना भएसँगै नगरमा स्वच्छ र शुद्ध दूध पिउने तथा गौ माताको संरक्षण गर्ने उद्देश्यले केही दाता, सामाजिक व्यक्तित्व र उद्योगीको प्रयासमा वि.सं. २००९ सालमा भद्रपुर गौशालाको स्थापना भएको हो। विशेष गरी भद्रपुरका स्थानीय भवानीशङ्कर मित्रुका, मुक्तिध्वज जोशी र जनार्दन शर्माले भद्रपुर गौशालाको परिकल्पना लिएर अघि बढेपछि करिब साढे ११ कट्ठा जमिनमा गौशाला स्थापना गरिएको थियो।

मित्रुकाले गौशालाको नाममा २५ बिगाह, जोशीले ३ बिगाह र शर्माले साढे तीन कट्ठा जग्गा दान गरेका थिए। गौशालामा हालमा दुई वटा गौ आवास भवन, पराल भण्डार, कार्यालय भवन, दिव्य श्री गणेश(कृष्ण भगवान)को मूर्ति, छात्रावास, अध्ययन कक्ष लगायतका संरचना रहेको छ। वि.सं. २०५९ साल जेठ ८ गते भद्रपुरका बयोवृद्ध लादुराम अग्रवालले एउटा गौ-आवासको भवन निर्माण गरिदिएका थिए।

त्यस्तै गौ प्रेमी स्वर्गीय तोलराम दुगढले २०६२ कात्तिक २४ गते एउटा गौ-आवास गृह, पराल भण्डार र कार्यालय भवनको स्थापना गरिदिएका थिए। अहिले गौशालामा गौ चराउने जमिन नहुँदा गौशाला अगाडि रहेको धनजुजु श्रेष्ठको जमिनलाई घेराबारी गरी गौ चराउने स्थान बनाउन खोजिएको गौशालाका अध्यक्ष चापागाईं बताउँछन्।

**आम्दानीले धान्नै मुस्किल**

गौशालाको नाममा करिब साढे ३१ बिगाह जमिन छ। आम्दानीको स्रोत केही नभएपछि समितिले त्यसमध्ये करिब १७ बिगाह जमिन कृषि र पशुपालनका लागि भद्रपुर कृषि समूहलाई लिजमा दिएको गौशालाका सदस्य सुबोध कोठारीले जानकारी दिए। चालू आर्थिक वर्ष २०७६/०७७ का लागि समितिले ३३ लाख ३० हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेको छ।

गौशालाबाट उत्सर्जन् हुने गौमुत्र, गोबर, दूध र जमिनबाट वार्षिक करिब १८ लाख रुपैयाँ आम्दानी हुने गरेको समितिका कोषाध्यक्ष दिलीप वंशलले जानकारी दिए। 'बाँकी रकम चन्दा र दाताको सहयोगमा जुटाउनु पर्ने हुन्छ'- कोषाध्यक्ष वंशलले भने- 'आम्दानीको स्रोत हुँदाहुँदै पनि गौशाला धान्नै मुस्किल भइरहेको छ, सरकारी स्तरबाट सहयोग नआउँदा दाताहरूसँग हात फैलाउनु पर्ने बाध्यता छ।'

गौशालालाई बचाउन भारतको दिल्ली र वृन्दावनबाट १२ थान गाई निःशुल्क ल्याएर उन्नत जातका गाई राखिएको समितिका अध्यक्ष चापागाईंको भनाइ छ। हाल गौशालामा दुई नन्दी र बाछाबाछी तथा यहाँका रैथाने गरी ७१ थान गौ रहेको उनले बताए। पशु तस्करले भारत लैजाँदै गरेका गाईगोरुहरु प्रहरीले बरामद गरी भद्रपुर गौशालालाई बुझाउने गर्छ- अध्यक्ष चापागाईंले भने- 'गौ चरन र गौ आवास नहुँदा प्रहरीले ल्याएका ती गाईगोरुलाई झापाकै शिवसताक्षी नगरपालिकामा रहेको गौधाममा समिति कै खर्चबाट पठाउनुपर्ने अर्को बाध्यता छ।'

गौशालाबाट उत्सर्जन् भएको सामान र दूध नगर क्षेत्रमा नै खपत हुँदै आइरहेको उनको भनाइ छ। हाल ४२ लिटर दूध सङ्कलन हुँदै आएको गौशालामा अबको केही महिनापछि ७५ लिटर दूध संकलन हुने लक्ष्य लिएको उनले बताए। होलस्टेन र जर्सीगाईलाई घटाउँदै उन्नत जातका गाई राख्दै जाने सदस्य कोठारीले थपे। गौशालाको सञ्चालनका निम्ति भद्रपुर छाडेर नेपालका अन्य जिल्लामा बसोबास गर्दै आइरहेका दाता तथा भारतका दाताहरूले वार्षिक रूपमा सहयोग गर्दै आइरहेको उनले बताए।

**गौशालालाई नगद सहयोग जुट्दै**

गौशालालाई थप व्यवस्थित बनाउन भद्रपुर-७ निवासी विदुर ढुगांनाको पहलमा दुई लाख एक हजार रुपैयाँ नगद प्राप्त भएको छ। पश्चिमाञ्चल सिमेन्ट उत्पादक संघ भैरहवाले १ लाख ५१ हजार र गौ-प्रेमी मनिष रुङ्टाले नगद ५० हजार उपलब्ध गराएपछि ढुङ्गानाले गौशालामै पुगेर समितिका पदाधिकारीहरूलाई सो रकम हस्तान्तरण गरेका थिए। दाताबाट प्राप्त भएको सो रकमबाट गौशालाभित्र झिँगा र कागबाट गाईगोरुलाई सुरक्षित राख्न तार जाली बनाउनुका साथै गौशाला अगाडिको जमिन पुग्ने नालामाथि फलामको पुल बनाइने समितिका अध्यक्ष चापागाईंले बताए। गौ धामप्रति आस्था र विश्वास राख्ने व्यक्तिले पनि सहयोग गरिदिनुहुन उनले सबै समक्ष अपिल समेत गरेका छन्।

**नयाँ समिति गठन**

गौशालाको स्तरोन्नतिसँगै व्यवस्थापनको पाटोलाई चुस्त दुरुस्त बनाउन नयाँ व्यवस्थापन समिति गठन गरिएको छ। गौशालाको साधारणसभाले राजेन्द्र चापागाईंको अध्यक्षतामा ११ सदस्यीय व्यवस्थापन समिति गठन गरेको हो।

समितिको उपाध्यक्षमा नन्दकिशोर सरावगी, सचिव सत्यनारायण तायल, सहसचिव रिता सुवेदी (दाहाल) कोषाध्यक्ष दिलीप बंशल, सदस्यहरुमा बिनोदकुमार मित्तल, बिनयकुमार गोयल, अजय साहेवाला, सुरेश सरिया, पारसनाथ यादव र रमेश चन्द झा रहेका छन्।

## झापा स्पोर्टस् अवार्ड असोज दोस्रो साता

**बिर्तामोड, भदौ १।** नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) जिल्ला समन्वय शाखा झापाले 'तेस्रो झापा स्पोर्टस् अवार्ड २०७५' यही असोज दोस्रो साता गर्ने भएको छ।

दोस्रो अधिवेशनबाट निर्वाचित कार्यसमितिको आइतबार बसेको पहिलो बैठकले अवार्डको संयोजकमा बुद्ध तामाङ र सहसंयोजकमा सचिन सुब्बालाई जिम्मेवारी दिने निर्णय गरेको छ। मञ्चका अध्यक्ष हिमाल खरेलको अध्यक्षतामा बिर्तामोडमा सम्पन्न बैठकले सो जिम्मेवारी दिने निर्णय गरेको हो। समितिले पूर्णता पाएपछि आगामी बैठकमा अवार्डको मिति तय गरिने सचिव अर्जुन राजवंशीले जानकारी दिए।

बैठकले मञ्चको सल्लाहकारमा निवर्तमान अध्यक्ष रमेश समदर्शी, साधारण सदस्यहरुमा इन्द्रजीत मुखिया, तीर्थ सिग्देल, बिशाल नेम्वाङ र कुमार भट्टराईलाई चयन गरेको छ। साथै, अधिवेशन र फोटो पत्रकारिता तालिममा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्ने निर्णय बैठकले गरेको छ। बैठकले नेपाल आदिवासी जनजाति पत्रकार महासंघ प्रदेश नम्बर १को उपाध्यक्षमा निर्वाचित मञ्चकी सहसचिव भूमिका सुब्बालाई बधाई ज्ञापन गर्ने निर्णय गरेको छ।

मञ्चले विगत दुई वर्षयता स्पोर्टस् अवार्ड गर्दै आएको छ। एनएसजेएफ झापाले गर्दै आएको अवार्ड कार्यक्रममा वर्ष खेलाडी (पुरुष)लाई एक थान मोटरसाइकल, वर्ष खेलाडी (महिला) लाई एक थान स्कुटर, वर्ष खेलाडी (युवा) लाई नगद २५ हजार, उत्कृष्ट वर्ष प्रशिक्षकलाई नगद २५ हजार, पिपुल्स च्वाइजअन्तर्गत एक खेलाडीलाई नगद २५ हजार र लाइफ टाइम्स अचिभमेन्ट अवार्डस्वरुप एकजनालाई नगद ३५ हजार रुपैयाँ प्रदान गर्दै आएको अध्यक्ष खरेलले जानकारी दिए।


डाक्टर आउने बारेको सूचना
डा. लवराज लोहनी
वरिष्ठ बथरोग विशेषज्ञ
Rheumatologist (AIMS)
MD Intermale Medicine (NAMS)
NMC No. 11300
नेशनल बाथरोग सेन्टर रातोपुल काठमाडौंबाट
प्रत्येक महिनाको पहिलो शुक्रवार र शनिवार
यसपटक भाद्र ६ र ७ गते
सम्पर्क :
नेशनल बाथरोग सेन्टर
भद्रपुररोड, बिर्तामोड, झापा
फोन : ०२३-५४०५४५/५४१११७


## थुनुवा फरार भएपछि प्रहरी निलम्बन

**भद्रपुर, भदौ १।** इलाका प्रहरी कार्यालय धुलाबारीको हिरासतबाटै दुई भारतीय थुनुवा फरार भएको घटनापछि प्रहरी कार्यालय झापाले एक प्रहरी जवानलाई निलम्बन गरी अनुसन्धान जारी राखेको छ।

घटनाको अनुसन्धानपछि इलाका प्रहरी कार्यालय धुलाबारीमा कार्यरत प्रहरी जवान बिजय विश्वकर्मालाई निलम्बन गरिएको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक (डीएसपी) महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए।

प्रहरी हिरासतबाटै दुई भारतीय थुनुवा फरार भएको बेला प्रहरी जवान विश्वकर्मा गेट ड्युटीमा खटिएका थिए। 'उनले फितलो सुरक्षा दिँदा भारतीय थुनुवा फरार भएकोले उनलाई तत्कालका लागि निलम्बन गरी प्रहरी सङ्गठनको नियम अनुसार कारबाही प्रक्रिया अघि बढाइसकेका छौं'- डीएसपी श्रेष्ठले भने। त्यस्तै थुनुवा फरार प्रकरणमा इलाका प्रहरी कार्यालय धुलाबारीका प्रहरी निरीक्षक टीकाबहादुर कार्कीसहित एक जना प्रहरी नायव निरीक्षक, एक जना प्रहरी सहायक निरीक्षक, तीन जना हवलदार र दुई जना प्रहरी जवानमाथि अनुसन्धान भइरहेको डीएसपी श्रेष्ठले बताए। 'थुनुवा फरार घटनामा दोषी देखिएका प्रहरीमाथि कारबाही हुन्छ'- उनले भने- जिम्मेवारी दिएका प्रहरी इन्चार्जकै कार्यालयबाट थुनुवा फरार भएको छ, यस बारेमा छानबिन समितिले अनुसन्धान गर्दैछ, अनुसन्धान सकिएपछि कसलाई के कारबाही हुन्छ, त्यसपछि भन्ने छौं।

उता पश्चिम बङ्गालको दार्जीलिङ जिल्ला अल्छिया बस्ने २६ वर्षीय गणेश कामती र सोही स्थान बस्ने २९ वर्षीय कृष्ण मण्डल हिरासतभित्रैबाट फरार भएको भोलिपल्टै एक नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगर र प्रहरी कार्यालय झापाले छुट्टाछुट्टै छानबिन समिति गठन गरी अनुसन्धान थालेको छ। प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक (एसपी) दिनेश मैनालीका अनुसार थुनुवा फरारको विषयमा छानबिन समितिले अनुसन्धान गरिरहेको छ। 'अनुसन्धान पश्चात् दोषी देखिएका प्रहरी कर्मचारीलाई कारबाही हुन्छ, यसमा ढुक्क हुनुहोस्'- उनले थपे।

प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी उपरीक्षक रमेश बस्नेतको नेतृत्वमा तीन सदस्यीय र प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठको नेतृत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरिएको छ। चोरी घटनामा पक्राउ परेका दुई भारतीय थुनुवालाई अभद्र व्यवहारमा जिल्ला प्रशासन कार्यालय झापाबाट म्याद थप भइसकेको जनाइएको छ। चोरी मुद्दामा किटानी जाहेरी दिन कोही नआएपछि प्रहरीले दुवै जनामाथि अभद्र व्यवहारमा मुद्दा दर्ता गराएको थियो।

### प्रमिकाकै ...

देखिएको ती महिलाले भनेको प्रहरीले जनाएको छ।

त्यसपछि महिलाले सलको पासो काटेर एकछिन् मालिस गरिन् तर कुनै प्रतिक्रिया नआएपछि अर्को कोठामा भएका आफन्तको सहयोगमा अस्पताल लगिएको थियो- महिलाको भनाइ उद्धृत गर्दै प्रहरी नायब उपरीक्षक सुवेदीले भने।

### विप्लव...

जसो जिल्लामा पुऱ्याउने गरेको उनीहरुको गुनासो छ। पक्राउ परेका कार्यकर्तालाई प्रहरीले यातना समेत दिने गरेको बताइएको छ।

उनीहरुलाई प्रहरीले चरम यातना दिएर सो समूहको कुनै पनि जिम्मेवारीमा नरहने भन्दै बिज्ञप्ति निकाल्न लगाएपनि प्रहरीले आत्म समर्पण गरेको कागजातमा सही छाप गर्न लगाएर छाड्ने गरेको खुलेको छ।

### युएनएचसीआर ...

उच्चायोगलाई पत्र लेखेपछि उक्त निकायले सहायताको काम थालेको थियो।

आयोगको उपशाखा उठ्ने क्रममा भुटानी शरणार्थीका लागि सिमेन्ट र जस्ताका छाप्रा (अर्धस्थायी घर) बनाउने क्रम तीव्र पारिएको छ। उपशाखा हट्ने भएपछि शरणार्थीलाई शिविरमा प्रदान गरिएका कतिपय आधारभूत सेवा शिविर बाहिरका सरकारी सेवाप्रदायकबाट लिने वातावरण पनि बनाउँदै लगिएको छ।

पुनर्वासमा तेस्रो देश लैजाने क्रम सन् २०१८को डिसेम्बरमा बन्द भएपछि हाल दुवै शरणार्थी शिविरमा छ हजार पाँच सय भुटानी शरणार्थी छन्। शिविरमा बाँकी रहेका शरणार्थीको बसाइ केही लम्बिने भएपछि युएनएचसीआरले उनीहरूका लागि अर्धस्थायी प्रकृतिका छाप्रा बनाउन थालेको हो।

यसअघि शिविरका एक लाख १३ हजार ५०० शरणार्थी अमेरिका, क्यानडा, अष्ट्रेलिया, नेदरल्याण्ड, नर्बे, न्यूजील्याण्ड, डेनमार्क र बेलायतमा पुनर्वास भएका थिए।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

होटल तालिममा भर्ना खुल्यो
सिप सिकौं.....आत्मनिर्भर बनौं। तीन महिने होटल तालिममा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं।
तालिम- वारटेन्डर, वेटर, फ्रन्ट अफिस, कुक
नोटः यहाँ कुनै पनि कार्यक्रम गर्नको लागि हल तथा क्याटरिङको पनि सुविधा छ।
हाम्रा विशेषताहरु :
१) शतप्रतिशत प्राक्टिकल गराइने।
२) दक्ष नहुञ्जेल तालिम दिइरहने।
३) दक्ष सेफद्वारा तालिम दिइने।
४) विदेश जानेहरुका लागि स्पेशन कोर्ष गराइने।
५) तालिम पछि अन्तर्राष्ट्रिय प्रमाणपत्र दिइने।
६) तालिम पछि रोजगारको अवसर दिइने।
ककटेल/मकटेलमा २०% छुट

सिट सिमित छ। आजै सम्पर्क गर्नुहोला।
होटल मुन टावर इन
शनिश्चरे रोड, बिर्तामोड (झापा) फोनः ०२३- ५४१७१५, ९८०४९०३०९५





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# वैदेशिक रोजगार र महिला पीडा

मुलुक अहिले विप्रेषण (रेमिट्यान्स)ले चलेको छ । राष्ट्र बैंकको तथ्यांक अनुसार आर्थिक वर्ष ०७५/०७६ को जेठ मसान्तसम्ममा वैदेशिक रोजगारीबाट कूल सात खर्ब उनान्सय अर्ब दुई करोड रुपैयाँ विप्रेषण देशमा भित्रिएको छ । यही विप्रेषण अहिले देशको मात्र होइन सरकारदेखि जनप्रतिनिधिसम्मको आयको मूल स्रोत बनिएको छ । यो बाहेक नगण्य रुपमा भएको निर्यात र सरकारद्वारा लादिएको करको भार सबै पदाधिकारवालाहरुको जीवन निर्वाहको माध्यम हुने गरेको छ । त्यसैगरी वैदेशिक रोजगार क्षेत्रमा काम गर्न खुलेका कम्पनी, एजेन्ट र संस्थाहरुले त्यसैलाई कमाइ खाने मुख्य भाडो बनाएका छन् ।

प्रत्येक बादलमा चाँदीको घेरा हुन्छ भने जस्तै सबै वस्तु, सेवा र क्षेत्र दोषमुक्त हुँदैनन् । वैदेशिक रोजगारीले विप्रेषण भित्र्यायो रोजगारी दिलायो, जनताको जीवनस्तर उकास्यो, धेरैलाई अतिरिक्त आयको आधार तयार गर्‍यो । तर, त्यसले व्यक्तिगत तथा सामाजिक जीवनमा पारेको असरको मूल्यांकन कहीँ कसैले गरेको छैन । यसले हाम्रो पारिवारिक एकता सद्भाव र प्रेम बिटुल्याएको मात्र छैन परम्परादेखि आएको आदर्श मूल्य र मान्यता नष्ट गरेको छ । परिवारमा विचलन मात्र होइन विखण्डन ल्याएको छ ।

नेपाली महिलाको पारिवारिक जीवनलाई वैदेशिक रोजगारीले क्षत–विक्षत बनाएको छ । रोजगारीमा भएका पुरुषका श्रीमतीले घर–परिवार र समाजबाट थप हिंसा भोग्न बाध्य हुनु परेको छ । राष्ट्रिय मानव अधिकार आयोगले महिला वैदेशिक रोजगारीका लागि जानुका पछि घरेलु हिंसा मुख्य कारण रहेको जनाएको छ । आयोगले सन् २०१८ मा प्रकाशित गरेको तथ्यांक अनुसार विदेश जाने मध्ये अस्सी प्रतिशत महिला घरेलु हिंसाबाट पीडित थिए । श्रीमान्को झगडालु प्रवृत्ति, मादक पदार्थ सेवन गर्ने लतका कारण सन्तानको भविष्य अन्धकारपूर्ण हुने आशंकाले विदेश गएका महिलाहरु त्यहाँ पनि हिंसाकै शिकार भएको कतिपय घटनाले देखाएको छ ।

वैदेशिक रोजगार विभागले ०५०–०५१ देखि ०७६ असार मसान्तसम्ममा दुई लाख अठार हजार दुई सय त्रिहत्तर जना महिला श्रम सवीकृति लिएर विदेश गएको उल्लेख गरेको छ । स्वीकृति नै नलिई चोर बाटो प्रयोग गरी विदेशिनेको संख्या अझै धेरै हुने बेला–बेला उद्धार गरिएका महिलाहरुको विवरणले देखाएको छ । पछिल्लो समय अवैध ढंगले चोर बाटो भएर विदेश पठाउने गिरोह नै सक्रिय भएको देखिएको छ । ०७२ सालमा नेपाली महिलालाई घरेलु कामदारका रुपमा विदेश जान रोक लगाएपछि दलालहरुले चोरबाटो प्रयोग गरेर सीमा कटाउने गरेका छन् । दलालहरुले सेटिङमा नेपाली महिलालाई भारतको दिल्ली, बंगलादेश, म्यानमार र श्रीलंका हुँदै खाडी पठाउने गरेका छन् । यसले उनीहरुको अस्मिता मात्र होइन जीवन नै जोखिममा परेको छ । जसोतसो सुरक्षित रहेका महिलाले पठाएको विप्रेषण घरमा श्रीमान्ले दुरुपयोग गर्ने र घरपरिवार झनै छिन्नभिन्न भएका छन् । त्यसैले यी सबै विकृतिहरुको अन्त्यका लागि सरकारले देशमै रोजगारीको सृजना गर्नु पर्दछ । अथवा स्वीकृति दिएर उनीहरुको सेवा, रोजगारी र जीवन सुरक्षित गर्नुपर्छ । अन्यथा नेपाली समाजको सौन्दर्य कुरुप बन्दै जाने निश्चित छ ।

# नेपाली कम्युनिष्टहरु मार्क्सवादी कि काल्पनिक समाजवादी ?



तीर्थराज खरेल

नेपाली कम्युनिष्टहरु आफूलाई खाँटी मार्क्सवादी मान्छन् । प्रश्न के छ भने कम्युनिष्ट पार्टी सर्वहाराको नेतृत्व हो कि सर्वहाराको हित गरिदिनका लागि बनेको पार्टी हो ? मार्क्सवाद विश्वकै हालसम्मको सबभन्दा उत्कृष्ट मानवहितकारी दर्शन हो । आजसम्मका दार्शनिकहरुले संसारको पीडा र भुक्तमानको चित्रण गरेका छन् । तर, मार्क्सको दृष्टिकोणमा सही विश्व दृष्टिकोण भनेको त समाजलाई बदल्नु हो । जब मानव समाज अस्तित्वमा आयो, त्यसपछि मानव समाजका सर्वोतम चिन्तकहरूले 'मानिसद्वारा मानिसको शोषण र उत्पीडनबाट मुक्त हुने आफ्नो उत्पादनको मालिक आफै हुने, खुशी र समृद्धशाली समाजको निर्माण गर्ने' परिकल्पना गर्दै आएका थिए । मानव जातिको विकास जब पुँजीवादमा भयो तब सर्वहारावर्गको संघर्ष पूँजीवादीका लागि विकासको प्रमुख बाधक बन्यो । ऐतिहासिक आवश्यकताको रूपमा वर्गीय शोषण र उत्पीडनमा मुक्त हुन उपाय र न्यायपूर्ण समाजमा संक्रमण हुने नियम, तरिका र तिनका रूपहरूका बारेमा घोषणा गर्दै आजभन्दा १७० वर्ष पहिले जर्मनीका कार्ल मार्क्स र बेलायतका फ्रेडरिक एंगेल्सले सन् १८४८ फेब्रुअरी १२ का दिन विश्वविख्यात कम्युनिष्ट घोषणापत्रले अभिव्यक्त गरेको विचार र सिद्धान्तले विश्वभरिका मजदूर तथा सर्वहारावर्गको हितलाई वैज्ञानिक आधारमा पुष्टि गर्ने काम गर्‍यो ।

मार्क्स-एंगेल्सद्वारा जारी गरिएको सो घोषणापत्रको आधारमा संसारभरका कम्युनिष्ट क्रान्तिकारीहरूले आ-आफ्नो मुलुकको सामाजिक वस्तुस्थितिको विश्लेषण गर्दै त्यस सिद्धान्तलाई लागू गर्ने प्रयत्न गर्दै आएका छन् । यो क्रान्तिको विज्ञान सम्बन्धी कम्युनिष्ट घोषणापत्रको निर्माण गर्नुभन्दा पहिले-पहिले उनीहरूले आफूभन्दा पूर्ववर्ती दार्शनिक, आर्थिक, सामाजिक ज्ञानको प्रशस्त अध्ययन गरेर त्यसैको निष्कर्षको रूपमा मार्क्सवादको प्रतिपादन भयो । यसमा जर्मनेली शास्त्रीय दर्शन, अंग्रेजी अर्थशास्त्र र फ्रान्सेली समाजवादको उच्च विकासलाई समावेश गर्दै मार्क्स र एंगेल्सको ऐतिहासिक प्रतिभाको समन्वयले मार्क्सवादको प्रादुर्भावमा पृष्ठिभूमिको काम गर्‍यो । मार्क्सले विश्वप्रसिद्ध पुस्तक 'पूँजी' को प्रकाशन गरेर मानवजातिको सर्वोत्तम सपना समाजवादको जन्म पूँजीवादको गर्भबाट हुने उद्घोष गरे । मार्क्सवादको जन्म पूँजीवादको विकासको प्रारम्भिक अवस्थामा भएको हो । कार्लमार्क्सको सांसारिक दृष्टिकोण मार्क्सवादको नामले आज संसारमा सुप्रसिद्ध छ ।

कार्ल मार्क्स र ऐंगेल्स जन्मेको क्रमशः ३० र २८ वर्षपछि मार्क्सवादको जन्म १८४८ मा यस कम्युनिस्ट घोषणापत्रको उदयको साथसाथै भयो । मार्क्स र एंगेल्सले पछि जति पुस्तकहरु लेखे ती सबैमा हामी यही घोषणापत्रलाई पुष्टि दिएर लेखेको पाउँदछौं । धेरै वर्षसम्म मार्क्सवाद किताबको सिद्धान्त मात्र भएर रह्यो । धेरैले यस विषयमा नानावलीका टिक्का-टिप्पणी गरे । तर, मार्क्सवाद मजदुर वर्गको लडाइमा ज्योति दिने वैज्ञानिक बाटो भएको हुनाले, जसैजसै विश्वमा मजदूर आन्दोलन बढ्दै गयो तसैतसै मार्क्सवादले जरा हाल्दै हुर्कदै गयो । मार्क्सवादी दर्शनको प्रादुर्भाव मानव चिन्तनको उज्ज्वल तथा प्रगतिशील परम्परालाई आत्मसात गरेर भएको हो । रुसी अक्टुबर क्रान्तिका नायक लेनिन भन्छन्- 'मार्क्सवादको जन्म विश्व सभ्यताको अनजान गल्तीबाट भएको होइन । मार्क्सवादी दर्शन आदिमकालदेखिका सर्वाधिक प्रगतिशील मतहरू, सिद्धान्तहरू र विचारधाराहरूको प्रत्यक्ष सिलसिला हो ।'

आम मेहनतकश कामदार वर्गको हितका लागि मार्क्सवादको जन्म भएको हो, तर वास्तवमा न नेपालका कम्युनिष्टहरु आफू श्रम नै गर्छन्, न मजदुर वर्ग नै कम्युनिष्ट आन्दोलनमा एकाकार हुन सकेको छ । शारीरिक श्रमप्रतिको उपेक्षाले नेपाली राजनीतिक नेतृत्वहरु क्रमशः श्रम विरोधी र श्रमिक विरोधी हुँदै गएका छन् । श्रम र श्रमिकप्रतिको उपेक्षाले शक्तिकेन्द्रको चाकरीचाप्लुसी गर्ने र अरुको पसिनामा ढलीमली गर्ने प्राडो-पजेरो संस्कृतिको हिमायती बनाउँदै लैजान्छ । जनतासँगको सहकार्य र घनिष्ठताबाट टाढिँदै जान्छन् श्रमप्रति सम्मान नगर्नेहरु । अरुको रगत पसिनामा रजाइँ गर्ने ठालु प्रवृत्तिमा बढोत्तरी हुँदै जान्छ




समाजभित्र, दलहरुभित्र र राज्यका महत्वपूर्ण निकायहरु भित्र । आज समाजमा जति पनि विकृति र विसंगति मौलाएको छ, त्यसका धेरै कारणहरुमध्ये मुख्य कारण अरुको श्रममा रजाइँ गर्ने सामन्ती र कामचोर प्रवृत्ति नै हो । साँच्चै भन्ने हो भने मुख्य दोष निरक्षर र अशिक्षितहरुको होइन, दोष त तथाकथित चेतनशील समाज हाँक्ने अगुवाहरुको हो । साँचो अर्थमा काम गर्ने संस्कृतिको बढोत्तरी हुनु भनेको श्रमप्रति आस्थावान हुनु र व्यवहारमा श्रमप्रति सम्मान बढ्दै जानु हो । आफूलाई मार्क्सवादको अनुयायी मान्ने नेपालका कम्युनिष्टहरुमा किन नयाँ, फरक र मार्क्सवादले निर्दिष्ट गरे अनुसारको श्रम र श्रमिक दुवैलाई सम्मान गर्ने संस्कृतिको विकास हुन सकेन ? यसको स्पष्ट जवाफ छ-किनभने उनीहरुलाई पुरानै द्रव्यमुखी, सुविधाभोगी र कामचोर प्रवृत्तिले गाँजेको छ र निरन्तरताको क्रमभंग गर्न उनीहरु सदैव असफल रहे । सर्वहाराको हित गर्ने वा मुक्तिदाता बन्ने सोचबाट राजनीतिक इतिहासमा वेदाग, कञ्चन र निष्कलंक व्यक्तित्व बन्न अनेकौं अप्ठ्यारा आइपर्छन् । आफ्नो दर्शन र आदर्श अनुरुप जनअपेक्षा पूरा गर्न अप्ठ्यारो छ । संघर्ष र युद्धमा नेपालका कम्युनिष्टहरु सिपालु छन्, जनतालाई एकीकृत गर्दै गोलबन्द रुपमा संघर्षको आँधीबेहरी सृजना गर्न र जनादेश र मतादेश प्राप्त गरी आफू पनि सफेद र सफा रही सत्ता सञ्चालन गर्न धेरै फरक हुन्छ । कम्युनिष्ट पार्टीको स्थापना लकीरको फकिरका लागि भएको होइन, सत्ता प्राप्त गरी जनताको सेवा गर्नका लागि हो । नेपालमा अहिले कम्युनिष्ट पार्टीको सरकार छ । तसर्थ, नेपालका कम्युनिष्टहरुले मार्क्सवादको मूल मर्म भनेको श्रमप्रतिको सम्मान गर्ने र नेपाली जनताको जीवनमा सबैले देखिने गरी र स्वयम् जनताले पनि अनुभूत गर्ने गरी सकारात्मक परिवर्तन ल्याउनका लागि आफ्ना नीति, व्यवहार र कार्यक्रमहरु परिलक्षित गर्न जरुरी छ ।

काल्पनिक समाजवाद भनेको पूर्व मार्क्सवादी समाजवादको प्रमुख धारालाई वर्णन गर्नका लागि प्रयोग गरिएका शब्द हो । यो धारा १८औं शताब्दीको अन्त्य र १९औं शताब्दीको पहिलो आधामा उत्पत्ति र विशिष्ट विकास भयो । काल्पनिकहरू भन्ने शब्द कल्पनाको विचारबाट ल्याइएको थियो, जसको अर्थ समाज परिवर्तनको अनुमान थियो, जहाँ प्रत्येक कुरा पूर्ण हुन्छ र 'समाजवाद' पहिलो पटक १८३० को दशकमा लोकप्रिय बने । तिनीहरू विचारकहरूको एउटा समूहबारे वर्णन गर्न प्रयोग गरियो, जसले मानव स्वभावमा प्राप्त व्यक्तिवाद, स्वार्थीपन र प्रतिष्पर्धात्मक हटाएर एउटा बढता समानतावादी आधारमा समाज रूपान्तरण गर्ने सिद्धान्त विकास गरे । ती चिन्तकहरू धेरै अथवा तिनीहरूका अनुयायीहरूले आदर्श समुदायहरू जहाँ सबै सदस्यहरूले सहकारीको आधारमा काम गर्दथे, बस्दथे र उनीहरूको कामको फलहरू बाँडफाँड गर्दथे । तिनीहरूले विश्वास गर्दथे कि यस्ता आदर्श समुदायहरूले उदाहरण प्रस्तुत गर्ने छन् । ताकि समाजमा बाँकीले अनि त्यसलाई अनुसरण गर्ने छन् । तिनीहरूले यसरी समाजवादको आफ्नो योजना निर्माण गर्नका लागि समाजमा वास्तविक प्रक्रियाहरूमाथि भर परेनन् ।

यसको अलवा तिनीहरूले सोचेकी तिनीहरूका योजनाहरू र विचारहरूको वैज्ञानिक व्याख्या आफैमा जनतालाई बुझाउन र समाज परिवर्तन गर्न प्रयाप्त थियो । काल्पनिक समाजवाद पूँजीवाद अन्तरगत मजदुर वर्गको उत्पीडन र शोषणको पहिलो सर्वोत्तम प्रतिक्रिया थियो । गरिखाने जनताले सामन्तवादलाई फ्याँक्नका लागि ज्यादै कठिन लडाइँ लडेका थिए । तैपनि पूँजीपतिहरूको स्वतन्त्रता, समानता र भाइचाराका नाराहरूको अर्थ स्वतन्त्रता केबल पूँजीपति वर्गका लागि थियो र गरिखानेहरू माथिको शोषणलाई अझ घनिभूत गराउनु थियो । विभिन्न समाजवादी मान्यताहरू पूँजीपतिहरू र मजदुरहरूबीच उत्पन्न भइरहेको अन्तरविरोधहरूको परिणाम शोषणविरूद्धको एउटा विद्रोहका रूपमा उत्पन्न भएका थिए । तिनीहरूले यस्तो प्रणाली निर्माणका लागि प्रयास गरे, जसले शोषितहरूलाई न्याय दिलाउन सक्दथ्यो । नयाँ समाजवादी सिद्धान्तहरूका लागि पूँजीवादी उत्पादनको अराजकता अर्को एउटा कारण थियो । काल्पनिक समाजवादीहरूले बुद्धिसंगत प्रणाली निर्माण गर्ने प्रयास गरे, जसले सद्व्यवहार र सौहाद्रपूर्ण तरिकाले मानवजातिका आवश्यकताहरूलाई पूरा गर्न सक्दथे । तिनीहरूमध्ये केहीले त पूँजीपतिहरू र सरकारी अधिकारीहरूलाई सम्झाउन कोशिस पनि गरे कि उनीहरूको समाजवादी प्रणालीहरू जहाँ ज्यादा बुद्धिसंगत र योजनावद्ध थियो र त्यसकारणले भइरहेका पूँजीवादी प्रणालीभन्दा अनुकुल थियो । तिनीहरूले उनीहरूको परियोजनाहरूलाई धनीहरूबाट पैसा लिन यसरी पनि कोशिस गरे ।

पूर्व मार्क्सवादी समाजवादीहरु, जसलाई काल्पनिक समाजवादी पनि भनिन्छ, तिनीहरुका मान्यताहरूको प्रमुख खराबी यो थियो कि तिनीहरूसँग समाजमा बाहिर नआएका वर्ग अन्तरविरोधहरू र वर्ग संघर्षहरूमा वास्तविक रूपले आधारित थिएन । यद्यपि तिनीहरूका विचारहरू समाजभित्रका वर्ग संघर्षहरूका आफैमा उत्पादन थिए । काल्पनिक समाजवादीहरूले त्यसलाई महशुस गरेनन् कि समाजवाद प्राप्त गर्नका लागि वर्गसंघर्ष पूर्णत आवश्यक थियो । तापनि उनीहरूका विचारहरू सही मानेमा बालक सर्वहाराको उत्कट चाहनाहरूको एउटा परावर्तन थियो, काल्पनिक समाजवादीहरूले समाजवाद ल्याउनमा सर्वहाराको क्रान्तिकारी भूमिकाको केन्द्रीय महत्व स्विकार गरेनन् ।

जव मार्क्स र एङ्गेल्स समाजवादी कम्युनिष्ट समूहहरूसँग सम्पर्कमा आए, उनीहरूले काल्पनिक समाजवादका अनुयायीहरूलाई उनीहरूका विचारहरूको असान्दर्भिकताका बारेमा सम्झाउने कोशिस शुरू गरे । उनीहरूले विभिन्न क्रान्तिकारी र मजदुर वर्ग समूहहरूमा चल्ने बहस, छलफलमा निरन्तर गहन रूपले भाग लिदै गए, जहाँ ती सिद्धान्तहरू र विचारहरू बहस र छलफल गरिने गरिन्थ्यो । उनीहरूको प्रमुख लक्ष्य समाजवादी सिद्धान्तलाई वैज्ञानिक आधार दिनु थियो । यसका लागि उनीहरूले पहिलेका समाजवादीहरूका खराबीहरू र गलत सोचाइहरूलाई भण्डाफोर गर्दै खुलस्त पार्नु थियो र समाजवादलाई वर्गसंघर्षको मार्क्सवादी सिद्धान्तको ठोस आधारमा स्थापित गर्नु थियो ।

मार्क्सले आफैले वर्गसंघर्षको सिद्धान्त आफूद्वारा कुनै नयाँ चीज पत्ता लगाइएको थिएन भनेर बताएका थिए । वास्तवमा पहिलेका समाजवादीहरू र पूँजीवादी लेखकहरू समेत यसबारे धेरै सचेत थिए र वर्गसंघर्ष र वर्गहरूवारे उनीहरूले निकै लेखेका थिए । तापनि वर्गसंघर्षको मार्क्सवादी सिद्धान्तको अत्यावश्यक फरक यो हो कि यसले वर्गसंघर्षले समाजवाद र साम्यवादतर्फ अनिवार्यतः लैजान्छ । निष्कर्षमा भन्दा, नेपालका कम्युनिष्टहरु वैज्ञानिक समाजवादी वा मार्क्सवादीभन्दा पनि काल्पनिक समाजवादी रहेका छन् । त्यसकारण कम्युनिष्ट नेतृत्वले आफूलाई सर्वहाराकरण गर्ने र सर्वहाराबाट नेतृत्व विकास गर्न सके मात्र कम्युनिष्टबाट मुलुक र मुलुकबासीको अपेक्षा पुरा हुनसक्दछ ।

*tirthakharel2028@gmail.com*

# शिक्षा र राजनीति

बाबुकाजी कार्की

नेपालमा अहिले 'राजनीति' शब्दलाई सकारात्मकभन्दा नकारात्मक किसिमले चित्रण गर्ने प्रवृत्ति छ । अनियमित, अस्वाभाविक, अनैतिक काम र घटनासँग राजनीतिलाई परिभाषित गर्नेहरुको संख्यामा पनि कमी छैन । वास्तवमा, स्वच्छ र निःस्वार्थ दूरदर्शी राजनीतिले देश र जनताको भाग्य एवम् भविष्य सुनिश्चित गर्छ । अहिले हरेक क्षेत्र अस्वाभाविक राजनीतिक हस्तक्षेपले अस्तव्यस्त छ । शिक्षाको विकास र विस्तार गर्ने क्रममा कतिपय अवस्थामा राजनीति साधक नभएर बाधक बनेको देखिन्छ । विद्यालयस्तरीय होस् वा उच्च शिक्षामा अनावश्यक राजनीति व्याप्त छ । राजनीतिक हस्तक्षेपका कारण शैक्षिक गतिविधि निर्बाधरुपमा सञ्चालन हुन पाएका छैनन् । यो एक सकस नै हो ।

राजनीतिको कपटपूर्ण खेलको अभ्यास गर्ने थलोका रुपमा शिक्षण संस्था पनि परिचित हुन थालेको छ । टाठाबाठाको भूलभुलैयामा विद्यार्थी पनि आफ्नो लक्षित गुणस्तरीय शिक्षा हाँसिल गर्नुभन्दा पनि विभिन्न रुपका आन्दोलनमा हाम्फाल्ने प्रवृत्ति छ । कतिपयलाई आन्दोलनको मर्म र धर्मबारे छेउ-पुच्छर थाहा हुँदैन । आन्दोलनको दूरगामी असरसमेत उनीहरुलाई जानकारी हुँदैन । उच्च शिक्षाका अधिकांश विद्यार्थीको यो हालत छ भने विद्यालयको के होला ? आजकल गुरुलाई कालोमोसो दल्ने, कुट्पिट् गर्ने, थुन्ने जस्ता सांघातिक हमलाहरु उनीहरुका लागि पुरुषार्थ ठहर्छ अनि ती 'सामान्य घटना'मा चर्चा गरिन्छन् । जुन विद्यार्थी राजनीतिको विकृत रुपको पराकाष्ठ हो भन्दा अन्यथा नहोला ।

देशको हरेक क्षेत्रमा राजनीतिको प्रत्यक्ष प्रभाव पर्ने भएकाले राजनीतिक कर्मीलाई एक कुशल, सभ्य जिम्मेवार तथा ठूलो मान्छेभन्दा पनि असल नागरिक बन्नेतर्फ प्रेरित गर्नेखालको शिक्षा खट्किएको छ । हरेक प्रशासनिक निकायमा राजनीतिक गिद्धेदृष्टि राखेर च्याँखे थाप्ने प्रवृत्ति हावी भएको बग्रेल्ती उदाहरण छन् । समयको माग अनुसार शिक्षाको विकास र विस्तार गर्न राजनीति केन्द्रित हुनुपर्ने हो । व्यक्तिको भन्दा विधिको, नेताभन्दा नीतिको, सिम्प्टमभन्दा सिस्टमलाई सम्बोधन गर्नेखालको दृढ इच्छाशक्तियुक्त राजनीतिकर्मी उत्पादन गर्ने शिक्षा आजको खाँचो हो । शिक्षित र चेतनशिल नागरिकमा राजनीतिक चेतना पनि उच्च हुनु स्वभाविकै हो ।

तोकिएको आवश्यक सेवा, शर्त पूरा नगरिकन शिक्षण संस्था किन खुल्छन् ? शिक्षक, कर्मचारीको नियुक्ति, पदस्थापना, सरुवा आवश्यकता र चाहना अनुसार विधिसम्मत भएका छन् त ? अनुशासित शैक्षिक वातावरण कायम राख्न किन सकिएको छैन ? यस्तैखाले कतिपय प्रश्नहरु राजनीतितर्फ औंलिन्छन् । विद्यार्थी, शिक्षक, कर्मचारीलाई आफ्नो योग्यता, क्षमता अनुसार दक्षता प्रदर्शन गरी विवेकपूर्ण निर्णयहरु लिनलाई राजनीतिले प्रभाव पारेको छ । आफैं नीति/नियम बनाउने तर त्यसैलाई मिचेर काम गर्न विवश पार्ने प्रवृत्ति अपरिपक्व राजनीतिको होइन र ? अर्को अर्थमा भन्नुपर्दा पेशाकर्मीलाई प्रत्यक्ष, परोक्ष रुपमा नीहित राजनीतिक उद्देश्य पूर्तिका लागि कठपुतली बनाइएको छ भन्दा अत्युक्ति नहोला । तसर्थ, भावी पिढीका राजनीतिज्ञलाई इमान्दार बनाउन अहिलेदेखि नै शिक्षा दिनुपर्ने हुन्छ । गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि भविष्यदर्शी योजना, कुशल नेतृत्व एवम् व्यवस्थापन, समसामयिक पाठ्यक्रम, लगनशील विद्यार्थी, जवाफदेही शिक्षक, सचेत




अभिभावक र जागरुक समुदाय आधारभूत शर्त हुन् ।

शिक्षक, कर्मचारीलाई उनीहरुको पेशागत दक्षता र विवेकभन्दा पनि राजनीतिक आस्थाको आधारमा मूल्याय्न गरिनुका कारण बालबालिका गुणस्तरीय शिक्षा पाउनबाट विमुख भएका छन् । विद्यालय वर्षको घटीमा दुई सय २० दिन खुल्नुपर्ने प्रावधान भए पनि ९० दिन पढाइ भएमा ठूलो उपलब्धि भएको ठान्नु परेको छ । बरु, बन्द-हड्ताल, जुलुसको प्रमुख तारो विद्यालय हुने गरेका छन् । पाठ्यक्रम, पाठ्यपुस्तकले निर्धारण गरेको समयावधि पढाइ नभएको अवस्थामा हामीले कस्तो गुणस्तरको अपेक्षा गर्ने हो ?

अतः शिक्षण संस्था तोकिएको विधि र प्रक्रियाबाट निर्बाध रुपमा चल्न पाउनुपर्छ । शिक्षण संस्थामा अनुशासित विद्यार्थी, लगनशील शिक्षक र सचेत अभिभावकको खाँचो पर्छ । व्यवहारिक र कडा आचारसहिंताको व्यवस्था कार्यान्वयन गरिनुपर्छ । राजनीतिकर्मीले आफ्नो अधिकार र कर्तव्यको अज्ञानताले शिक्षामा राजनीति गरेको हो भने उनीहरुको भूमिका के हुनु पर्ला भन्नेबारे अभिमुखिकरण गरिनुपर्छ । जसबाट शिक्षामा हस्तक्षेपको राजनीति गर्ने प्रवृत्तिलाई निरुत्साही गर्न टेवा पुग्छ । जानी-जानी शिक्षामा राजनीति गरेर शैक्षिक वातावरण खल्बल्याउने कुत्सित नियत भएका जो कोहीलाई अनुशासनको दायरामा ल्याउने तथा सार्वजनिक वहिस्कारसमेत गर्ने नीति अवलम्बन गरिनुपर्छ ।

समृद्ध नयाँ नेपाल बनाउन दक्ष जनशक्तिको खाँचो पर्दछ । दक्ष जनशक्ति उत्पादन गर्न साधनस्रोत सम्पन्न व्यवस्थित शिक्षा हुनुपर्छ । विद्यार्थीको प्रतिभालाई अधिकतम् उत्खनन् गरेर उनीहरुको ऊर्जाशील क्षमतालाई सामाजिक रुपान्तरणमा खर्चेर देश विकास गर्न राजनीतिले नै निर्णायक भूमिका खेल्छ ।

राजनीतिले शिक्षा नीति बनाउने भएकोले देशलाई विश्वसामु एक सफल राष्ट्र बनाउन राजनीतिकर्मीको अहम् भूमिका रहन्छ । राजनीतिमा आउने विकृति र विसंगतिलाई न्यूनिकरण गर्नका लागि समेत शिक्षाको अतुलनीय योगदान रहन्छ । त्यसकारण राजनीतिकर्मीले क्षणिक लाभ र स्वार्थलाई भन्दा दूरदृष्टि राखेर दिगो राजनीतिका निम्ति प्रतिस्पर्धी र प्रतिष्ठित देशको रुपमा उभ्याउन शिक्षामा अशोभनीय राजनीति गर्न तत्काल त्याग्नु पर्छ । तसर्थ, शिक्षामा राजनीति कि राजनीतिमा शिक्षा भन्ने विषय हरेक राजनीतिक दलले गहन बहस गर्ने बेला आएको छ ।

शिक्षण संस्थामा कार्यरत शिक्षकदेखि उच्च पदाधिकारीहरुले विद्यार्थीको पठनपाठनलाई केन्द्रमा राखेर नीति र नियम, योजना निर्माण र कार्यान्वयन गरिनुपर्छ । उनीहरूको कार्य दक्षताको मूल्यांकन गर्दा विद्यार्थीले हाँसिल गरेको उपलब्धि स्तरलाई प्रतिस्पर्धी श्रम बजारमा खपतको आधारमा दाँजेर हेरिनुपर्छ । सबै राजनीतिक दलहरुले शिक्षण संस्थालाई मर्यादित एवम् स्वच्छ वातावरणमा चल्न दिन व्यवहारमा समेत उतार्नेखालको संकल्प गरेमा निश्चय नै नेपाललाई गुणस्तरीय शिक्षा हाँसिल गर्ने उत्कृष्ट थलोको रूपमा स्थापित गर्न सकिन्छ । *आजको शिक्षा सप्ताहिकबाट*

# बिर्तामोडमा लाखे जात्रा



**बिर्तामोड, भदौ १।** नेवाः पासा मुना पुचः बिर्तामोडको आयोजनामा पाचौं सामुहिक क्वाँटी पुन्ही तथा लाखे जात्रा कार्यक्रम सम्पन्न भएको छ ।

नेवाः पासा मुना पुचः बिर्तामोडको रजत जयन्तीको अवसरमा संस्थाको १२औं कार्यक्रम अन्तर्गत उक्त कार्यक्रम गरिएको रजत जयन्ती मूल समितिका संयोजक दिनेश श्रेष्ठले बताए ।

नेवाः पासा मुना पुचः बिर्तामोडकी अध्यक्ष ईश्वरा श्रेष्ठको अध्यक्षता तथा वरिष्ठ गायक एलपी जोशीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेवाः पासा मुना पुचः बिर्तामोडका उपाध्यक्ष दिनेश श्रेष्ठले स्वागत गरेका थिए ।

पाचौं सामुहिक क्वाँटी पुन्ही तथा लाखे जात्रा कार्यक्रम संयोजक आकाश श्रेष्ठले औचित्य माथि प्रकाश पारेको कार्यक्रममा नेवाः छें (नेवारी भवन)का बारेमा निर्माण समिति संयोजक निर्मल कर्माचार्यले जानकारी दिएका थिए भने नेवाः छें निर्माण आर्थिक समिति संयोजक प्रमेश हलवाईले नेवाः छें निर्माणमा भइरहेको खर्चको बारेमा जानकारी दिएका थिए ।

कार्यक्रममा बिर्तामोडमा पहिलो पटक लाखे जात्रा शुरु गरेर योगदान पुऱ्याएको भन्दै लक्ष्मी श्रेष्ठलाई सम्मान गरिएको थियो । त्यस्तै एसईईमा उत्कृष्ठ अंक ल्याउने सरकारी बिद्यालयतर्फ मोहनमाया माविका सुदिप श्रेष्ठ र देवीमाविकी रिचा श्रेष्ठ र संस्थागत बिद्यालयतर्फ एमिटी एजुकेशन फाउण्डेशनका आदित्य प्रधान र प्रजिता श्रेष्ठलाई सम्मान गरिएको सम्मान कार्यक्रम संयोजक कमल श्रेष्ठले जानकारी दिए ।

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ झापा अध्यक्ष भरतकुमार श्रेष्ठ, सम्मानित व्यक्ति लक्ष्मी श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा लाखे जात्रासहित नेवारी संस्कृति झल्कन नेवारी नृत्य प्रस्तुत गरिएको थियो भने क्वाँटीसहित नेवारी भोज खुवाइएको थियो ।

कार्यक्रममा जीवन रक्षा पोलिक्लिनिक बिर्तामोडले निःशुल्क स्वास्थ शिविर अन्तर्गत मधुमेह र उच्च रक्तचाप जाँच गरेको थियो भने मुख्य प्रयोजक रिना किचेन क्राफ्टस् म्यानुफ्याक्चर्सका उत्कृष्ठ उत्पादन डिलक्स कुकरको स्टलमा १५ प्रतिशत छुट दिइएको थियो । कार्यक्रमको सञ्चालन नेवाः पासा मुना पुचः बिर्तामोडका सचिव राजिव श्रेष्ठले गरेका थिए ।

# गाँजासहित एक पक्राउ



**शिवसताक्षी, भदौ १।** प्रहरीले लागू औषधविरुद्ध स्थानीय युवाको अभियानलाई साथ दिएपछि शिवसताक्षीबाट धमाधम त्यसका कारोवारी पक्राउ पर्न थालेका छन् ।

शिवसताक्षी नगरपालिका- ११ दूधेबाट १२ किलोग्राम परिमाणको गाँजासहित तीन जना पक्राउ परेको तीन दिनपछि दोमुखाबाट एक जना दुई किलो सात सय ग्राम गाँजासहित पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी नायव निरीक्षक डम्वर आचार्यको टोलीले ५४ वर्षीय तीर्थलाल दाहाललाई उनकै घर दोमुखाबाट गाँजासहित पक्राउ गरको हो ।

पक्राउ परेका दाहाल दुई वर्षअघि पनि गाँजा बिक्री गरेको आरोपमा पक्राउ परेका थिए । झापा जिल्ला अदालतबाट धरौटीमा छुटेका दाहालले पुनः दोमुखा क्षेत्रमा स्थानीय युवालाई गाँजा बेचेर व्यवसाय चलाउँदै आएको प्रहरी स्रोतबाट खुल्न आएको छ ।

प्रहरीले गाँजा लगायत लागूऔषधको विरुद्धमा अभियान नै सञ्चालन गर्न थालेपछि गाँउ-गाँउबाट लागूऔषध सेवनकर्ता, त्यसका कारोवारी र गाँजा बरामद हुन थालेको प्रहरीले जनाएको छ । पक्राउ परेका दाहाललाई अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय झिलझिलेमा अनुन्धानका लागि राखिएको छ ।


## जन्मदिनको शुभकामना



आज भदौ २ गते हाम्रा सहकर्मी मित्र श्री कुमार श्रेष्ठज्यूको जन्मदिन परेको हुँदा उहाँलाई जन्मदिनको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

साथीहरू

प्रशान्त लिम्बू, विनायक भट्टराई, सन्दीप लिम्बू, प्रदीप भुजेल, भूपाल मण्डल, विनादे खड्का, प्रजित तामाङ, कुशल खनाल, सानु चौधरी



## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियार नाममा जारी गरिएको सात दिने सूचना

सावीक शनिश्चरे गाविस वडा नं. ८, हाल अर्जुनधारा नगरपालिका वडा नं. ६ बस्ने श्री मनिराज चम्लागाई निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१) पूर्वतर्फ श्री कुमारी विक
२) पश्चिमतर्फ सडक
३) उत्तर तर्फ श्री चन्द्रकला उप्रेती
४) दक्षिणतर्फ मनिराज चम्लागाई

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | ९१०,९११० | ०-०-१२.२५ | २०७६।०१।२२ | २०७५।०३।१० | २०७६।०४।१४ |


# शीतलाको नयाँ नेतृत्व चयन

**बुधबारे, भदौ १।** बुद्धशान्ति गाउँपालिका वडा नं. २ स्थित शीतला सामुदायिक सेवा तथा विकास केन्द्रको २३औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष प्रेमकुमार शिवाकोटीको अध्यक्षता र बुद्धशान्ति गाउँपालिकाकी उपाध्यक्ष मिरा भुर्तेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष निलम घिमिरेले स्वागत गरेकी थिइन् । संस्थाको साधारणसभाले पुनः प्रेमकुमार शिवाकोटीकै अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको छ ।

नवगठित समितिको उपाध्यक्ष निलम घिमिरे, सचिव झल्का भट्टराई, सहसचिव टंक घिमिरे, कोषाध्यक्ष लेखनाथ अधिकारी चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा रत्नबहादुर तिवारी, नर्वदा पौड्याल, विमला मैनाली र मातृकाप्रसाद दुलाल चयन भएका छन् ।

सोही साधारणसभाबाट संयोजक टंक भण्डारी, सदस्यद्वय टंकमणि आचार्य र दिव्यकुमारी अधिकारी रहेको लेखा समिति समेत चयन गरिएको छ । साधारणसभाले संस्थाको हाताभित्र रहेको शीतलादेवीको मन्दिरलाई ग्रील घेराबारा र ट्रस्टको छानो निर्माण गरिदिने दाताहरू प्रह्लाद खड्का र पुष्पलता खड्का, कम्पाउण्ड घेराबारा निर्माणमा ४० बोरा सिमेन्ट र १०० केजी फलामको रड प्रदान गर्ने रेखा घिमिरे, घेराबाराको दक्षिणतर्फ फलामे ढोका निर्माण गरिदिने ज्ञानेन्द्र कार्कीलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो ।

त्यसैगरी नै शीतला कीर्तन उपसमितिका भजन संयोजक मातृका दुलाल र साप्ताहिक भजनकीर्तनमा नियमित उपस्थित हुने कृति ढुङ्गेल पुरस्कृत भएका थिए । दिननाथ ढकाल, पं. टिकाप्रसाद भट्टराई लगायतको आतिथ्यमा भएको कार्यक्रममा प्रमुख अतिथि भुर्तेल, विशेष अतिथि रामजानकी मन्दिरका अध्यक्ष अर्जुनकुमार सुवेदी, शीतला मन्दिर संरक्षक चन्द्रकला पोखरेल र सम्मानितका तर्फबाट प्रह्लाद खड्काले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सचिव टंक भण्डारीले गरेका थिए ।


## मसला फ्याक्ट्री बिक्रीमा

विगत ७ बर्षदेखि सञ्चालनमा रहेको आर.भी. फुड एण्ड स्पाइसेस् प्रोडक्सनको मसला फ्याक्ट्री तु-विक्रीमा रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

सम्पर्कः ९८१७९३४०१४, ९८२४९५२५९०

बिर्तामोड, झापा



## ज्योतिष परामर्श

विगत १० बर्षदेखि ज्योतिष क्षेत्रमा लाग्नुभएका, देशदेखि बिदेशीहरुको चिना हेरी विशेष अनुभव प्राप्त गुरुहरु ज्योतिषी कृष्ण भण्डारी र खगेन्द्र सापकोटा अब तपाईको शहर बिर्तामोड, दमक र इटहरीमा आउँदै हुनुहुन्छ ।

**यही भाद्र ३,४ र ५ गते ।**

**आज नै बुक गर्नको लागि सम्पर्क गर्नुहोस् ।**

9801235000, 9841193108, 9813524729, 9814977595



सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

बिर्तामोड, झापा

सम्पर्क राजकुमार श्रेष्ठ

९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

मोबाइल : ९८५२६४६००५



झाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टाइ छान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो

# श्रद्धाञ्जलि/कृतज्ञतासहित निमन्त्रणा

हाम्री प्रातःस्मरणीय ममतामयी माता/हजुरआमा अर्जुनधारा नगरपालिका-४ निवासी **हरिप्रिया खनाल**को ९९ बर्षको उमेरमा २०७६ साल श्रावण २२ गते बुधबारका दिन असामयिक बैकुण्ठ बास भएको हुँदा हामी स्तब्ध एवम् मर्माहत भएका छौं । दुःखको यस घडीमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । यस दुःखद् घडीको पीडादायी क्षणमा हामीप्रति सहानुभूति, समवेदना र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र, छरछिमेक, मलामीजन, संघ-संस्था, शुभेच्छुक, शुभचिन्तक, कूलकुटुम्ब, वन्धुवान्धवहरू प्रति हार्दिक धन्यवादसहित कृतज्ञता ज्ञापन गर्दछौं ।

साथै यही मिति २०७६ साल भाद्र २ गते सोमबारका दिन गरिने शुद्धिशान्ति कार्यका दिन उपस्थित भई पितृप्रसाद ग्रहण गरी हामीलाई शुद्ध तुल्याइ दिनु हुन सम्पूर्ण आफन्तजन, इष्टमित्र, छरछिमेक, मलामीजन, शुभेच्छुक, शुभचिन्तक कूल कुटुम्ब, बन्धुवान्धवहरूप्रति हार्दिक निमन्त्रणा गर्दछौं ।



स्व. हरिप्रिया खनाल
जन्म : १९७७ भदौ १५ गते
सन्तकपुर (बिक्री), इलाम
निधन : २०७६ साउन २२ गते
अर्जुनधारा-४, दहीझोडा, झापा

**छोरा-बुहारीहरू**

गणेशप्रसाद-बुध खनाल
गोविन्द-मधु खनाल
ईश्वर-मेनुका खनाल
वेदप्रकाश-तिलरुपा खनाल

**छोरी-ज्वाइँहरू**

तुलसा पौडेल
नर्वदा घिमिरे
विमला-रुद्र चापागाई,
राधिका-लक्ष्मी पौडेल,
सीता-सुदर्शन सिग्देल,
गीता-हरि न्यौपाने,
रीता खनाल,

१४ नाति, १९ नातिनी, २८ पनाती, १७ पनातिनी, एक जनाति, एक जनातिनीसहित

## सम्पूर्ण खनाल परिवार

अर्जुनधारा नगरपालिका- ४ दहीझोडा (झापा)

# फास्टट्र्याकमा जापान अध्ययन सम्बन्धी सेमिनार



**बिर्तामोड, भदौ १।** उच्च शिक्षा अध्ययन गर्न जाने नेपाली विद्यार्थीहरुका लागि 'जापान' एक प्रमुख गन्तव्य बनेको छ।

सुरक्षित, सुहाउँदो हावापानी र पढाइ सँगसँगै काम गरी आम्दानी गर्न सकिने भएपछि पछिल्लो समय उच्च शिक्षा अध्ययन गर्न जापान जाने नेपाली विद्यार्थीहरु बढेका छन्। उच्च शिक्षा अध्ययन गर्न जापान जान चाहने विद्यार्थीले नेपालमा एक सय ५० घण्टाको जापानी भाषा अनिवार्य सिक्नुपर्ने भएको छ।

जापानी भाषामा दक्षता भएपछि मात्र नेपाली विद्यार्थीहरुले काम र पढाइ सजिलै अघि बढाउन सक्ने भएकाले जापानी भाषा अनिवार्य सिक्नुपर्ने बताउँछन्- फास्टट्र्याक एजुकेशन कन्सल्टेन्सीका प्रवन्ध निर्देशक खड्गबहादुर ताम्लिङ (लिम्बू) ।

लामो समयदेखि बिर्तामोडमा जापानी भाषाको प्रशिक्षण गराउँदै आएको फास्टट्र्याक एजुकेशन कन्सल्टेन्सीले जापान जानु अगाडि र जापान पुगिसकेपछि अपनाउनुपर्ने र जान्नुपर्ने कुराहरु विद्यार्थी र अभिभावकहरुलाई जानकारी दिँदै आएको उनले बताए । पछिल्लो समयमा जापानले विदेशी विद्यार्थीका लागि अध्यागमन (इमिग्रेसन)बाट सोधपुछ र दूतावासद्वारा भाषा सम्बन्धी अनिवार्य रुपमा अन्तरवार्ता लिने गरेकोले पनि उच्च शिक्षा अध्ययन गर्न जापान जाने नेपाली विद्यार्थीले नेपालमै एक सय ५० घण्टाको जापानी भाषा सिक्नुपर्ने उनले बताए ।

उच्च शिक्षा अध्ययन गर्न जापान जाने विद्यार्थीले जापानका प्रमुख चार भर्ना/प्रवेश (इन्टेक) मध्ये अप्रिलमा पढ्न जानेले २४ महिना, जुलाईमा जानेले २१ महिना, अक्टोवरमा जानेले १८ महिना र जनवरीमा जानेले १५ महिना अनिवार्य जापानी भाषा पढ्नुपर्ने र त्यसपछि न्याटको लेभल फाइभको पूर्व तयारी परीक्षा समेत उर्त्तीण गर्नुपर्ने उनले बताए ।

उच्च शिक्षा अध्ययनको लागि जापान जान न्यूनतम् शैक्षिक योग्यता प्लस टु उत्तीर्ण गरी नेपालमा एक सय ५० घण्टाको जापानी भाषा सिक्नुपर्ने बताउँदै उनले बताए। जापानमा विद्यार्थी भिषामा गएको विद्यार्थीले हप्तामा २८ घण्टामात्र काम गर्न पाउने बताउँदै उनले शैक्षिक संस्थाको लामो विदाको समयमा हप्तामा ४० घण्टासम्म काम गर्न पाइने बताए।

फास्टट्र्याक एजुकेशन कन्सल्टेन्सीले उच्च शिक्षा अध्ययन गर्न जापान जाने विद्यार्थीहरुलाई जापान जानुपूर्व जापानी भाषाको तयारी कक्षा, शैक्षिक संस्थाको छनौट, त्यहाँको हावापानी, भिषाको प्रक्रिया, कागजपत्रको तयारी र जापान पुगिसकेपछि होस्टेलको व्यवस्था, आशिंक समय काम गर्न पाइने व्यवस्था अर्थात् 'पार्ट टाईप जव' सम्बन्धी सूचना, जानकारी र परामर्श प्रदान गर्दै आएको उनले बताए।

यसैबीच उच्च शिक्षा अध्ययन गर्न जाने नेपाली विद्यार्थीहरुलाई लक्षित गर्दै बिर्तामोडमा जापान अध्ययन सम्बन्धी सेमिनार सम्पन्न भएको छ। फास्टट्र्याक एजुकेशन कन्सल्टेन्सी बिर्तामोडको आयोजनामा भएको सेमिनारको सहजीकरण एआरएमएस र एच एण्ड ए जापानिज ल्याङ्ग्वेज स्कूल नागोया जापानकी कलेज रिक्रुट्मेन्ट अफिसर वातानावे दुङले गरेकी थिइन्।

कार्यक्रममा उनले उच्च शिक्षा अध्ययन गर्न जापान जाने विद्यार्थीले जापानी भाषा अनिवार्य सिक्नुपर्ने भएकाले जापानमा सन् २०१० बाट एआरएमएस जापानिज ल्याङ्ग्वेज स्कूल सञ्चालनमा ल्याएको बताइन्। उक्त स्कूलमा सन् २०१४ बाट नेपाली विद्यार्थीले जापानीज भाषा सिक्दै आएको र हाल ५५ जनाले उक्त भाषा सिक्दै आएको उनले बताइन्। विद्यार्थीहरुले उक्त भाषा अध्ययन सकेपछि आफ्नो मुख्य विषय र विश्वविद्यालय छनौट गरी उच्च शिक्षा हाँसिल गर्न सक्ने प्रावधान रहेको उनले बताइन्।

नेपाल, श्रीलंका, मेक्सीको, भियतनाम, चीन, इण्डिनेशियाका विद्यार्थीहरु जापानी भाषा सिक्दै गरेको उनले बताइन्। उक्त स्कूलमा विभिन्न देशका सांस्कृतिक गतिविधि पनि आदान-प्रदान गरिने उनले जानकारी दिइन्।

# डुबेर चारको मृत्यु

**मोरङ, भदौ १।** प्रदेश नम्बर १ का विभिन्न जिल्लामा पानीमा डुबेर चार जनाको मृत्यु भएको छ।

मोरङको रतुवामाई नगरपालिका वडा नम्बर-७, सिजुवाका १० वर्षीय आकाश मुखियाको खोलामा डुबेर मृत्यु भएको छ । घरबाट हिँडेका आकाश साँझसम्म नफर्किएपछि परिवारले इलाका प्रहरी कार्यालय सिजुवामा खबर गरेको र उनलाई प्रहरीले रतुवा खोलामा मृत अवस्थामा फेला पारेको थियो।

त्यस्तै झापाको बिर्तामोड नगरपालिका वडा नम्बर ३, विराट पोखरका २ वर्षीय अजित बेसराको खेल्ने क्रममा घर नजिकै रहेको अन्धुवा खोलामा डुबेर मृत्यु भएको छ।

प्रदेश प्रहरी कार्यालय विराटनगरका अनुसार सुनसरीको इटहरी उपमहानगरपालिका वडा नम्बर ६ का ४० वर्षीय मोहन भट्टराईको खेती खोलामा डुबेर मृत्यु भएको छ।

त्यस्तै सुनसरीकै रामधुनी नगरपालिका वडा नम्बर ६ इचोल का ५० वर्षीय सरिलाल राजधामीको घर नजिकै रहेको पोखरीमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

**१. कम्पनी:** THE SULTAN CENTER FOR TRADING AND GENERAL CONTRACTING WLL

पूर्व स्वीकृत मिति: २०७६/०४/१९ चलानी नं: ६०१४२५४३ LT. No.: 223013

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Labor | 98 | 55 | ८ कक्षा पास | 90 | ३३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pricing Labour | 71 | 20 | | 90 | ३३,६८० | | | | | | | |

यसै कम्पनीको लागी Male/ Female Cashier, Sales Girl Sales Boy ,Cook र Bike Rider हरूको Salary 110 KD मा माग भई आएकाले जान चाहन इच्छुकले सम्पर्क गर्नुहोला ।उमेरको हकमा २१ देखि ३६ सम्म हुनु पर्नेछ ।

**२. कम्पनी:** CHATEAU CATERING & BANQUETS COMPANY W.L.L.

पूर्व स्वीकृत मिति: २०७६/०३/३१ चलानी नं: ६०१४१८८४ LT. No.: 222098

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 10 | 10 | ८ कक्षा पास | 85 | ३१,७७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | chef assistant | 25 | 0 | | 110 | ४१,११५ | | | | | | | |

फाईनल अन्तरबार्ता भदौ ०३ गते (Aug 20) मंगलबार मोक्ष होटल बिर्तामोडमा हुदैछ ।

साथै यसै कम्पनीमा महिला तथा पुरुष Cleaner हरु Salary - 80 kd + Food र निम्न कामदारहरूको Salary - 110 KD+Food मा माग भई आएकोले जान चाहने इच्छुकले तुरुन्त सम्पर्क गर्नु होला

Head Cook, Hot Kicthen Indian Culsine Comm : I,II,III Bakery Cold Kitchen, Kitchen Stewards, Storekeeper, Waiterss Asst Cook, Hot Plate, Bainmarie Service, Delivery Boy, Food Packer

साथै यसै कार्यलयमा SAUDI को एक प्रतिष्ठीत कम्पनी बाट SCAFFOLDER- 1200+300 HEAVY DRIVER - 1400+300, OFFICE BOY- 1000+300 का लागी माग भई आएकोले जान चाहने इच्छुकले तुरुन्त सम्पर्क गर्नु होला । यसको फाईनल अर्न्तवार्ता भदौ २ गते सोमवार (19th AUG) अञ्जली ट्रेनिंग सेन्टर मा हुने जानकारि गराउद छौ ।

**Swift H.R. Group & Management Service Pvt. Ltd.**
Lic. No. 901/065/066
Samakhusi-26,
Mob: 9803672294, 9803572294, 9803472294
9817920206, 9813672294, 9852672294


# भविका पुरस्कार घोषणा

**बुधबारे, भदौ १।** बुद्धशान्ति गाउँपालिकामा सञ्चालित घरदलान साहित्य कार्यक्रममा भविका पुरस्कारको घोषणा गरिएको छ।

बुद्धशान्ति गाउँपालिका वडा नं. १ निवासी कवि प्रकाश न्यौपानेले आफ्ना पिता भक्तिप्रसाद न्यौपाने र आमा बिमला न्यौपानेको नाममा उक्त पुरस्कारको घोषणा गरेका हुन्। घरदलान साहित्यको वर्ष कविलाई प्रदान गर्ने गरी नगद रु. पाँच हजार एक रुपैयाँको उक्त पुरस्कार बुद्धशान्ति-१ निवासी स्रष्टा विष्णु पोखरेल र मैयादेवी पोखरेलको घरदलानमा आयोजित २१औं श्रृंखलामा घोषणा गरिएको थियो।

कवि न्यौपानेले सो पुरस्कार आगामी मंसिरमा घरदलान साहित्य अभियानको दोस्रो वार्षिकोत्सवमा वितरण गर्ने घोषणा गरे। सोमनाथ भट्टराईको अध्यक्षतामा भएको २१औं श्रृंखलालाई मैयादेवी पोखरेलले स्वागत गरेकी थिइन्।

अभियन्ता गणेश निरौलाले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा स्रष्टाहरू बेनुप्रसाद पनेरू, टंक विकल्प, जय भण्डारी, हेमन्ता भण्डारी, धनबहादुर श्रेष्ठ, सिपी पौड्याल, प्रकाश न्यौपाने, राजु पौड्याल, भुवन तामाङ, जयनारायण अधिकारी, शशिधर भण्डारी, दुर्गा आचार्य, खगेन्द्र निरौला र निल तिम्सिनाले रचना वाचन गरेका थिए।

हरि काफ्ले र माधव तिम्सिनाले गीत गाएको कार्यक्रममा बाल स्रष्टाहरू अमोल पोखरेल, पल्लवी पोखरेल, डेनिस अधिकारी, रसिक दाहाल, अमृत पोखरेल, विपीन निरौला प्रशान्त भट्टराई लगायतले रचना वाचन गरेका थिए। पूर्व वन राज्यमन्त्री वीरमणि ढकाल र शिवप्रसाद भट्टराईले मन्तव्य राखेको कार्यक्रमको सञ्चालन विष्णु पोखरेलले गरेका थिए।


माका, मूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टाइ छान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो

## भावपूर्ण श्रद्धाञ्जलि/समवेदना

हाम्रा प्रातःस्मरणीय पुज्य कान्छाबुवा/हजुरबुवा, हाम्रा भाइ-बुहारी, दाजु-भाउजु, दिदी-बहिनी, हजुरबुवा-हजुरआमा गोपालकुमार बस्नेत-रमा, श्याम बस्नेत-लीलादेवी, जीतेन्द बस्नेत-सुलोचना, शान्ता, सुनिता (स्व.), पवित्रा, अमृता, सरिताका पुजनीय पिता **श्री टुङ्गबहादुर बस्नेत**को ९६ बर्षको उमेरमा उपचारका क्रममा भएको स्वर्गारोहणको दुःखद् घटनाले हामीलाई मर्माहत बनाएको छ ।

उहाँको अकल्पनीय चिरवियोग तथा महाप्रस्थानको संवेदनशील क्षणमा वैकुण्ठबासको कामनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । आफ्ना परमपुज्य पिता, अग्रज अभिभावकसँगको वियोगको कष्टपूर्ण क्षणमा रहनुभएका सम्पूर्ण नातिनातिना, पनातिपनातिना लगायत शोकसन्तप्त परिवारमा दुःख सहन गर्न सक्ने क्षमता परमपिता परमेश्वरले प्रदान गरून् भन्दै गहिरो समवेदना प्रकट गर्दछौं ।



**स्व. टुङ्गबहादुर बस्नेत**
**जन्म: १९८०/०५/११**
**साँखेजुङ, इलाम**
**निधन:२०७६/०४/२४**
**बिर्तामोड, झापा**

**भतिजा/भतिजा बुहारी**
गणेश-संगीता बस्नेत
दिलीप-शान्ता बस्नेत
नरेन्द्र-देविका बस्नेत
कृष्ण-सरस्वती बस्नेत
टंक-मूना बस्नेत
कुमार-मिना बस्नेत
सुनिता बस्नेत

**भतिजीहरु**
दिलखुसा प्रसाईं
तारादेवी निरौला
मायादेवी प्रसाईं
कमला पोखेल
मूना थापा
निता कार्की

**नाति-नातिनी बुहारी**
विनोद-कोपिला बस्नेत
समिर बस्नेत
राजु अनिता बस्नेत
विपीन-बन्दना बस्नेत
सञ्जिव-निसा बस्नेत
विक्रम-कूस्मीता बस्नेत
सौरभ-नोही बस्नेत
प्रवेश-दिक्षा बस्नेत
नितेश-अल्वना बस्नेत
आशिष, सरोज, आयूष, सज्जन बस्नेत

**नातिनीहरु**
सीमा, सन्ध्या, स्वेता, श्रेया
मिलन, पूजा, पनाति-पनातिनीहरु

एवम् **सम्पूर्ण माइला बुबा लक्ष्मण बस्नेतका परिवार**
**बिर्तामोड-१, जगतबस्ती (झापा)**